प्रस्तावहरु :-

१.बर्दघाट नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७५

२. नयाँ शहरी विकास कार्यक्रम तर्फको योजना (DPR गर्ने सन्दर्भमा) छनौट सम्वन्धमा

३ विविध :-

क) खरको छानो विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धमा

ख) सरसफाई प्रयोजनमा कार्यालयमा रहेको गाडि (ट्रयाक्टर तथा टिपर) व्यवस्थापन सम्बन्धमा

ग) उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयबाट प्राप्त अख्तियारी अनुरूपको वजेट खर्च सम्बन्धमा

घ) बाटो कायम गर्ने सन्दर्भमा

ङ) योजना शिर्षकान्तर सम्बन्धमा

च) चिसापानी अस्पताल सञ्चालन समिति गठन सम्बन्धमा

छ) सवारी साधन स्कूल वस सञ्चालनमा दिइने अनुदान सम्बन्धी सुझाव प्रतिवदेन २०७५

निर्णयहरूः

निर्णय नं. ८.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा विधायन समितिको वैठकबाट अन्तिम मस्यौदा भै आजको बैठकमा पेश हुन आएको बर्दघाट नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७५ उपर छलफल गर्दा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८.२

प्रस्ताव नं. २ उपर छलफल गर्दा सहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहरी विकास कार्यक्रमबाट विभिन्न नगरपालिकामा नयाँ शहर निर्माण गर्ने योजना अन्तरगत यस नगरपालिकामा तपसिल वमोजिमका पूर्वाधार निर्माणका आयोजनाको DPR तयार गर्न शहरी विकास तथा भवन निर्माण विभाग सघन सहरी तथा भवन निर्माण आयोजना चितवनमा पठाइएकोमा उक्त योजना अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

क) दविल्ला, माकर,वेतहानी, वाढीपिडित, उपहारनगर, विषयीखोला, देवीनगर हुँदै बर्दघाट नगरपालिका कार्यालय

ख) बर्दघाट वडा नं ११ को मौराहा नाला निर्माण -(पूर्व पश्चिम राजमार्गको दक्षिण तर्फ)

निर्णय नं. ८.३

क) प्रस्ताव नं ८ क माथी छलफल गर्दा खरको छानो विस्थापन कार्यक्रमको लागि नगरसभाबाट रू २०,००,०००/ विनियोजन भएको, प्रदेश सरकारबाट समपुरक अनुदान शिर्षकमा रू ३५,००,०००/ विनियोजन भएको सन्दर्भमा उक्त प्रदेश सरकारबाट विनियोजन भएवमोजिमको रकम स्थानीय स्तरबाट समपुरकको रूपमा व्यवस्था गर्नुपर्ने भएकोले वाँकी रू १५,००,००० वरावरको रकम सम्बन्धित लाभग्राहीले व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । चालु आ.व.मा विनियोजित उक्त वजेटबाट यस नगरपालिकाको २,४,५,१०,१२,१३ वडाहरू लाई खरको छाना मुक्त वडा घोषणा गर्ने वाँकी रहेको रकम वडा नं १४, १५ र १६ का घरधुरीहरूलाई समानुपातिक हिसावले वितरण गर्ने उद्देश्यको साथ उक्त बजेट परिचालन गर्ने र उक्त योजना कार्यान्वयनलाई सहज बनाउन लाभग्राहीलाई छाना लगाए पश्चात जिल्ला दररेटमा तोकिएको दर ननाघ्ने गरी सामान खरिद गरेको विल भर्पाई, छाना छाउनु पूर्व र पश्चातको फोटो, विजुली/पानी वुझाएको विल भर्पाई तथा विगतमा गाविसले दिएको घरधुरी निश्शा नं लगायतका आवस्यक कागजात र सम्बन्धित वडाको सिफारिसको आधारमा सम्बन्धित परिवारको कम्तिमा २० प्रतिशत लागत सहभागिता देखिने गरी प्रति घर परिवार वढीमा ४०,०००/रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८.३ प्रस्ताव नं ८ (ख) माथी छलफल गर्दा सरसफाई प्रयोजनको लागि कार्यालयमा रहेका १ वटा टिपर र ३ वटा ट्रयाक्टरको व्यवस्थापन गर्ने सन्दर्भमा यस नगरपालिकाको सरसफाई कार्यमा विगत देखी सहकार्य गर्दै

आएका बर्दघाट वजार विकास समिति, सँग २०७७ आषाढ मसान्त सम्मको लागि सम्बन्धित वडा समेतको रोहवरमा सम्झौता नविकरण गरी सरसफाई कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं ८.३ : प्रस्ताव नं ८(ग) माथी छलफल गर्दा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट यस नगरपालिकाको लागि शसर्त अनुदान अन्तरगत कूल रकम रू १४,१८,०००/ प्राप्त भएकोमा सो मध्ये सौर्य उर्जा प्रविधि जडान शिर्षकमा विनियोजित रू ६४८०००/ नगरकार्यपालिकाको कार्यालयमा सोलार जडानको लागि खर्च गर्ने, वायोग्यास जडान शिर्षकमा विनियोजित रू ४२०,०००/ वडा नं.१६ स्थित मिलिजुली महिला वाख्रापालन समूहलाई लक्षित गरी खर्च गर्ने तथा सुधारिएको चुलो (वायोमास प्रविधि जडान) शिर्षकमा विनियोजित रू ५०,००० को कार्यालयले सामान खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ८.३ः प्रस्ताव नं ८(घ) माथी छलफल गर्दा वडा नं १० पूर्व पश्चिम राजमार्गको लण्डन ब्रिजबाट उत्तर अलावल गाँउ जाने बाटो हाल चलन चल्तिमा ६ मी. भएको साथै अलाहोल देखी कि.नं ४४६,४६२ र ४६३ सम्म ६ मी.चलन चल्तीको बाटो ६ भनी च.नं २८९ मिति ०७५/६/२३ मा १० नं वडा कार्यालयको प्रमाणित पत्रबाट उल्लेख भै आएको हुदा उक्त बाटो देखाई सिटिजन फर्मास्यूटिकल प्रा.लि. ले नक्सा पासको लागि आवेदन गरेको हुँदा उक्त बाटोमा नक्सा नभएको हुँदा चलन चल्तीमा रहेको बाटोको नक्सा कायम गरी आधिकारिकताको लागि आवश्यक प्रक्रिया अगाडी वढाउन सम्बन्धित निकयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं८.३ः प्रस्ताव नं ८(ङ) माथी छलफल गर्दा चालु आ.व.०७५/७६ मा यस नगरपालिकामा सञ्चालन हुने वार्षिक कार्यक्रम अन्तरगत राष्ट्रपति चुरे तराई मधेश सँरक्षण कार्यक्रम तर्फको वडा नं २ मा सञ्चालन हुने गरि ०७५/१०/१० गते नगरकार्यपालिकाको वैठकबाट निर्णय भएको झरही झलुई नदि प्रणाली अन्तरगत सुखौरा तथा आम्वास खोलामा तटवन्ध गर्ने उद्येश्यले प्रति २०,००,०००/ को दरले जम्मा रू ४०,००,०००/ बजेट विनियोजन भएको सन्दर्भमा सम्बन्धित वडा समितिबाट चिसापानी खोलामा तटवन्ध गर्ने गरी रू २०,००,०००/विनियोजन गरी तपसिल अनुसारका योजनाामा बजेट विनियोजन गर्ने सिफारिस प्राप्त भएअनुसार नगर प्रमुख स्तरीय निर्णयबाट देहायअनसार योजनामा क्रम विनियोजन गरी कार्य अगाडी वढाइएकाले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सँ | योजनाको नाम र विनियोजित वजेट | योजनाको परिवर्तित नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सुखौरा र आम्वास खोलामा तटवन्ध रू ४०,००,०००। | सुखौरा खोला | रू १०,००,०००। | |
| २ | | आम्वास खोला | रू १०,००,०००। | |
| ३ | | चिसापानी खोला | रू २०,००,०००। | |

निर्णय नं८.३ः प्रस्ताव नं ८(च) माथी छलफल गर्दा स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको च.नं २५ मिति ०७५/०४/०६ को पत्रबाट देशभरका साविकको अस्पताल विकास समितिहरू खारेज गर्ने निर्णय गरेको र आधारभूत तथा प्रथमिक स्वास्थ्य सेवा पुर्‍याउने जिम्मा स्थानीय तहको रहेको परिप्रेक्षमा चिसापानी अस्पताल व्यवस्थित रूपमा सञ्चालन गर्न अर्को आदेश वा व्यवस्था नभएसम्म अस्पतालको सेवा प्रवाह चुस्त वनाउन नगर प्रमुखको सँयोजकत्वमा देहाय वमोजिमको अस्पताल सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क) नगर प्रमुख —सँयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत —सदस्य

ग) सामाजिक विकास शाखा शाखा प्रमुख (स्वास्थ्य) —सदस्य

घ) नगर उद्योग वाणिज्य सँघको अध्यक्ष —सदस्य

ङ) मे.सु.— सदस्य सचिव

निर्णय नं८.३ः प्रस्ताव नं ८(च) माथी छलफल गर्दा मिति ०७५ साल आश्विन २१ गतेको निर्णय अनुसार कार्यपालिका सदस्य श्री चन्द्रकान्त चापागाइको संयोजकत्वमा गठन भएको समितिले पेश गरेको सवारी साधन स्कूल वस सञ्चालनमा दिइने अनुदान सम्बन्धी सुझाव प्रतिवेदन २०७५ पेश भएको विषयमा जानकारी गराइयो ।